## बैठक संख्याः ३५

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७८।०४।२५ गते सोमबार अपरान्ह १२.०० बजे बसेको बैठकका निर्णयहरुः-

१. यस समितिबाट आमन्त्रित स्वास्थ्य सेवा विभागका निर्देशक डा.तारानाथ पोखरेल, निर्देशक डा.कृष्ण प्रसाद पौडेल र निर्देशक डा.पवनजंग रायमाझीले आजको कार्यसूचीमा परेको विषय विश्वव्यापी महामारीको रुपमा देखा परेको नोवेल कोरोना भाइरस (कोभिड-१९) र सोसँग सम्बन्धित समसामायिक विषयका सन्दर्भमा समिति समक्ष आ-आफ्ना धारणा प्रस्तुत गर्नु भयो । यसरी प्रस्तुत गर्नु भएको धारणाउपर माननीय सदस्यहरुले आ-आफ्ना जिज्ञासा राख्नु भयो ।

२. निर्देशकहरुले माननीय सदस्यहरुले राख्नु भएका जिज्ञासाहरुको जवाफ दिँदै विश्वव्यापी महामारीको रुपमा देखा परेको नोवेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण र यसबाट भएको संकट तथा सोको रोकथामका लागि स्वास्थ्य सेवालाई सरल, सहज, सर्वसुल्भ, समान पहुँच र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुको स्तरोन्नति गर्दै लैजानु उपयुक्त हुने राय प्रस्तुत गर्नु भयो ।

३. देहाय बमोजिमका निर्णयहरु कार्यान्वयनको लागि नेपाल सरकार, मन्त्रिपरिषद् तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिनेः-

(क) Covid-19 को परीक्षण, परीक्षण पश्चात् संक्रमितको उपचार निःशुल्क सेवा प्रवाह गर्ने र Covid-19 को तेस्रो भेरियन्टको रोकथामको पूर्व तयारीका लागि आवश्यक पर्ने परीक्षणको सामग्री तथा परीक्षणको क्षमता बढाउँदै ICU, Ventilator, Oxygen लगायतको पर्याप्त व्यवस्था गर्ने ।

(ख) सडक यातायतले नछोएका दुर्गम ठाउँहरुमा सरकारी संयन्त्रबाटै यथासक्य चाँडो खोप लगायत परीक्षण सामग्रीहरु ढुवानी गर्ने व्यवस्था मिलाउने ।

(ग) वैदेशिक रोजगारीमा जाने नागरिकका लागि सहज रुपमा खोप उपलब्ध गराउने र खोप लगाएकै अवस्थामा प्रमाणित खोप लगाएको प्रमाणपत्र (QR) उपलब्ध गराउने ।

(घ) खोप अनियमितताको समाचारहरु आमसञ्चार माध्यमहरुमा आइरहेको अवस्थामा सोको छानबिन गर्ने र दोषी प्रमाणित भएमा कानूनको दायरामा ल्याउने ।

(ङ) स्वास्थ्य सेवालाई सरल, सहज, सर्वसुल्भ, समान पहुँच र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुको स्तरोन्नति गर्दै लैजाने ।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।